(ङ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(च) “सदस्य-सचिव” भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(छ) “समिति” भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

📖(ज) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. कोषको स्थापना : (१) आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि एकल महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

📖३क. प्रदेशको कोष :(१) प्रदेशले आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि प्रदेश कानून बमोजिम प्रदेश एकल महिला सुरक्षा कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन प्रदेश कानून बमोजिम हुनेछ ।

📖३ख. स्थानीय तहको कोष : (१) स्थानीय तहले आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि स्थानीय कानून बमोजिम स्थानीय एकल महिला सुरक्षा कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको स्थानीय एकल महिला सुरक्षा कोषमा नियम ३ को उपनियम (१) बमोजिमको कोषबाट आवश्यकता अनुसार मन्त्रालयले केही रकम अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

